स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता अनुप विक्रम शाहीले फिल्म 'ब्याटल अफ गलवान'बाट बलिउडमा डेब्यु गर्न लागेको खबर बाहिरिएपछि उनको भूमिकाबारे धेरैमा चासो बढेको थियो। कतिपयले अभिनेता सलमान खानको पछाडि देखिने भूमिकामा हुनसक्ने भन्दै खिसिटिउरी समेत गरेका थिए। तर, शनिबार सार्वजनिक फिल्मको "मातृभूमि" गीतले उनी प्रभावशाली भूमिकामा रहेको स्पष्ट पारेको छ।

**आजको विचार...**



टिकटको...

(दुई पेजमा)

डा. डीआर उपाध्याय



बल्छी धुर्बे निर्देशित फिल्म 'गोबर गणेश' ले प्रदर्शनको १० दिनसम्म घरेलु बक्सअफिसमा सुखद कमाइ गरेको छ। पछिल्लो शनिबारसम्म फिल्मको देशब्यापी कलेक्सन करोड नाघेको छ। दोस्रो शनिबारसम्म फिल्मको कुल कमाइ १ करोड १४ लाख ३५ हजार नेरु ग्रस छ। यसको औपचारिक घोषणा भने सिनेपाः बक्सअफिसले सोमबार गर्नेछ। 'दर्शकीय प्रतिक्रिया उत्साहजनक छ' बल्छी धुर्बेले अनलाइनखबरसँग भने, 'सबै उमेरका दर्शकले कथावस्तु रुचाउनुभएको छ।

❐ वर्ष ३१ अंक १७९ ❐ २०८२ माघ १२ गते सोमबार 26 January 2026, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### भारतको तेलङ्गानामा आगलागी ५ को मृत्यु

(रासस/सिन्हवा)

**नयाँ दिल्ली,** माघ ११/भारतको दक्षिणी राज्य तेलङ्गानामा भएको आगलागीमा पाँच जनाको मृत्यु भएको छ। घटना हैदराबादको नम्पली क्षेत्रमा शनिबार बिहान भएको थियो, जहाँ आगो लागेको पसलभित्र केही मानिस फसेका थिए । स्थानीय प्रहरीले सञ्चार माध्यमलाई जानकारी दिँदै सबै मृतकका शव उद्धार गरिएको पुष्टि गरेको छ । मृतकमध्ये दुई जना बालबालिका रहेका छन्। आगलागीको कारणबारे प्रारम्भिक अनुसन्धान जारी छ । तेलङ्गानाको अग्निशमन विभागका महानिर्देशक विक्रम सिंह मानले घटनालाई लापरबाहीपूर्ण र गैरजिम्मेवार व्यवहारको नतिजा भएको भन्दै पसल मालिकविरुद्ध आपराधिक दायित्व अनुसार कारबाही गरिने बताएका छन् । आगलागी नियन्त्रणका लागि अग्निशमन टोली, स्थानीय प्रहरी र उद्धारकर्मीहरूले संयुक्त प्रयास गरेका थिए । आगो ठूलो भएकोले घटनास्थलमा क्षति व्यापक भएको छ । आगलागीको घटनापछि स्थानीय प्रशासनले प्रभावित क्षेत्रको निरीक्षण गर्दै सुरक्षा उपाय कडा बनाउने निर्णय गरेको छ । यो घटना तेलङ्गानामा व्यापारिक क्षेत्र र आवासीय क्षेत्रसँग नजिक भएकोले समुदायमा डर र चिन्ता फैलाएको छ ।

**सन्दर्भ : विश्व कुष्ठरोग दिवस**

# पाल्पामा १७ जना कुष्ठरोगी

*विरामीहरुको जिल्ला अस्पताल पाल्पा, रामपुर अस्पताल र अन्य स्वास्थ्य संस्थाहरुमा उपचार भइरहेको छ । पाल्पामा कुष्ठरोगीको संख्या स्थिरजस्तो देखिन्छ । कुनै वर्ष संख्या थपिएको छ भने कुनै वर्ष संख्या ओरालो लागेको देखिन्छ ।*

**रामचन्द्र रायमाझी**

**पाल्पा,** माघ ११/विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले सन् २०१० अर्थात् वि.सं. २०६६ माघ ५ गते नेपाललाई कुष्ठरोग निवारण भएको घोषणा गर्यो । नेपालमा कुष्ठरोग जनस्वास्थ्यको समस्याका रूपमा छैन भनेर एक दशक अघि नै घोषणा गरिए पनि अझै धेरै जिल्लाहरुमा यो रोग हट्न सकेको छैन ।

पाल्पामा पनि अझै १७ जना कुष्ठरोगीहरु रहेका छन् । यहाँ चालु आर्थिक वर्ष २०८२/०८३ को पुस मसान्त सम्ममा १७ जना कुष्ठरोगी रहेका हुन् । आइतबार ७३ औं कुष्ठरोग दिवसको अवसरमा स्वास्थ्य कार्यालय पाल्पाले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा कार्यालयका निमित्त प्रमुख टुक प्रसाद पोखरेलले रोगको अवस्था बारे जानकारी गराउँदै अहिले रहेका १७ जना कुष्ठरोगी मध्ये १० जना पुरुष र ७ जना महिला रहेको बताए । उनीहरु सबैको उपचार भइरहेको छ । पोखरेलका अनुसार यो ६ महिनाको अवधिमा ७ जना नयाँ कुष्ठरोगी भेटिएका छन् । यहाँका रामपुर नगरपालिका, निस्दी गाउँपालिकामा २/२, पूर्वखोला गाउँपालिका, बगनासकाली गाउँपालिका, तिनाउ गाउँपालिकामा १/१ जना कुष्ठरोगी रहेको उनले बताए । ति विरामीहरुको जिल्ला अस्पताल पाल्पा, रामपुर अस्पताल र अन्य स्वास्थ्य संस्थाहरुमा उपचार भइरहेको छ । जिल्लामा कुष्ठरोगीको संख्या स्थिरजस्तो देखिन्छ । कुनै वर्ष संख्या थपिएको छ भने कुनै वर्ष संख्या ओरालो लागेको देखिन्छ । जिल्लामा आर्थिक वर्ष २०८१/०८२ मा २१ जना कुष्ठरोगी थिए । जहाँ सोही अवधिमा १८ जना नयाँ विरामी थपिएका थिए । सो आर्थिक वर्ष सबै भन्दा बढी यहाँको रामपुर नगरपालिकामा देखिएका थिए । जहाँ ५ जना विरामी भेटिएको कार्यालय प्रमुख पोखरेलले बताए । उनका अनुसार पूर्वखोला गाउँपालिका, रिब्दीकोट गाउँपालिका, रैनादेवी छहरा गाउँपालिकामा १/१ जना, तानसेन नगरपालिकामा ३ जना, तिनाउ गाउँपालिका, निस्दी गाउँपालिकामा ४/४ जना र माथागढी गाउँपालिकामा २ जना कुष्ठरोगी भेटिएका थिए । पाल्पामा कुष्ठरोगीहरुको संख्यामा केही कमी भने हुँदै गएको पोखरेलको भनाई छ । उनले भने,"पाल्पा अहिले कुष्ठरोग निवारणको चरणमा छ कुष्ठरोग अन्त्य पनि भइनसकेको र विकराल समस्या पनि छैनन् ।" अहिले पनि ग्रामीण क्षेत्रमा कुष्ठ रोग लागेमा लुकाउने प्रचलन रहेकाले त्यसलाई समयमै उपचार गर्न उनले आग्रह गरे ।

**के हो कुष्ठरोग ?**

स्वास्थ्य कार्यालय पाल्पाका क्षयकुष्ठ अधिकृत विश्वनाथ न्यौपानेले कुष्ठरोग माइक्रोब्याक्टेरियम लेप्री जीवाणुले गर्दा हुने दीर्घरोग भएको बताए ।

*-बाँकी अन्तिम पेजमा...*






*७३ औं कुष्ठरोग दिवसको अवसरमा स्वास्थ्य कार्यालय पाल्पाले आयोजना गरेको अन्तरक्रिया कार्यक्रमका सहभागीहरु*

## राष्ट्रियसभा निर्वाचन : ९५ प्रतिशत बढी मतदान



**पाल्पा,** माघ ११/राष्ट्रियसभा सदस्यका लागि भएको निर्वाचनमा ९५ प्रतिशत भन्दा बढी मतदान भएको छ । आइतबार बिहान ९ बजेदेखि दिउँसो तीन बजेसम्म भएको मतदानमा सातै प्रदेशमा गरी ९५ दशमलव ६८ प्रतिशत मत खसेको निर्वाचन आयोगले जनाएको छ ।

आगामी फागुन २० गतेदेखि रिक्त हुने १८ सदस्यका लागि निर्वाचन भएको हो । निर्वाचन अधिकृतका कार्यालयहरूबाट आयोगमा प्राप्त विवरणअनुसार कोशी प्रदेशमा कुल मतदाता ३६० रहेकामा ३४५ मत खसेको छ । मधेस प्रदेशमा ३६४ मध्ये ३४१, वाग्मतीमा ३३८ मध्ये ३१८, गण्डकीमा २२८ मध्ये २२३, लुम्बिनीमा २९९ मध्ये २८६, कर्णालीमा १९८ मध्ये १९१ र सुदूरपश्चिममा २२४ मध्ये २२० मत खसेको हो ।

## महिला समूहलाई नौमती बाजा बजाउन भ्याइनभ्याई



**घोराही (दाङ),** माघ ११/तुलसीपुर उपमहानगरपालिका-४ मजुवाका मुना ओलीलाई बाजा बजाउन भ्याइनभ्याई छ । जिल्लामा हुने विभिन्न सभा सम्मेलन, बिहे, पूजाआजामा बाजा बजाउन उनलाई भ्याइनभ्याई भएको हो ।

नौमती बाजा बजाउनेमध्ये एक उनी समूहमा बाजा बजाउँदै हिँड्छिन् । महिला पनि अगाडि बढ्नुपर्छ भन्ने सोचले आफू बाजा बजाउँदै समूहमा हिँड्ने गरेको उनको भनाइ छ । "महिला पनि सीप सिकेर अगाडि बढ्नुपर्छ", उनले भनिन्, "हामी बाजा बजाएर अगाडि बढेका छौँ ।" उनी आजभोलि नौमती बाजाको समूहमा बाजा बजाउँदै जिल्लाका विभिन्न ठाउँसहित जिल्लाबाहिर पनि मागअनुसार पुग्ने गरेकी छन् । तुलसीपुर उपमहानगरपालिका-४ रक्षाचौरका विष्णु केसीले पछिल्लो समय लोप हुन थालेको नौमती बाजालाई संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले आफूहरूले बाजा बजाउन सिकेको बताइन् । उनका अनुसार अहिले बाजा संरक्षणसँगै दुई-चार रुपैयाँ आम्दानी हुने गरेको छ, सुरुमा बाजा बजाउन सकिँदैन कि भन्ने लागेको थियो तर सिकिसकेपछि अहिले सहज भएको छ । गाउँमा बाजा बजाउने प्रचलन रहेको हुँदा यसलाई लोप हुन नदिन महिलाले सीप सिकेको उनी बताउन्छिन् । उनीहरूमात्र होइन, तुलसी महिला नौमती बाजा समूहमार्फत यसमा धेरै महिला जोडिएका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## निर्वाचन : लोकतन्त्रको परीक्षा

**नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपछि संघीय निर्वाचन केवल सरकार चयन गर्ने प्रक्रिया मात्र रहेन यो संघीय प्रणालीको सफल–असफलताको मापन समेत बन्न पुगेको छ । २०८२ फागुन २१ गते हुन गइरहेको संघीय निर्वाचन नेपालका लागि एक सामान्य राजनीतिक घटना होइन, बरु लोकतन्त्रको विश्वसनीयतामाथि हुने गम्भीर परीक्षा पनि हो । संघीय व्यवस्था नागरिकको नजिक शासन पुऱ्याउने उद्देश्यसहित लागू गरिएको हो । तर चुनावी अभ्यासमै स्वच्छता र स्वतन्त्रता सुनिश्चित गर्न नसकिए संघीयताको औचित्यमाथि नै प्रश्न उठ्छ । विगतका निर्वाचनहरूमा देखिएका मतदाता सूचीको अव्यवस्था, राज्य स्रोतको दुरुपयोग, पैसाको खुलेआम प्रयोग र प्रशासनिक पक्षपात जस्ता समस्याहरू अझै समाधान भइसकेका छैनन् । यद्यपि यो पटक फजुल खर्च र तामझाम रोक्न निर्वाचन आयोग लागि परेको देखिन्छ । त्यस कारण पनि विगतका कमजोरीहरू दोहोरिने खतराहरु २०८२ को निर्वाचनका लागि सबैभन्दा ठूलो चुनौती हुन् ।**

**संघीय निर्वाचनमा निर्वाचन आयोगको भूमिका झन् संवेदनशील हुन्छ । संघ, प्रदेश र स्थानीय तहका शक्ति सन्तुलन निर्धारण हुने भएकाले आयोग पूर्ण रूपमा निष्पक्ष, सशक्त र दवाबमुक्त हुनैपर्छ । तर आयोगप्रति राजनीतिक अविश्वास कायम रहनु चिन्ताजनक संकेत हो । अब आयोगले कानुनको अक्षरभन्दा माथि उठेर संविधानको मर्मअनुसार काम गरेर विश्वास जित्नुपर्छ । चुनावी खर्च संघीय निर्वाचनमा झन् भयावह बन्दै जान सक्छ । संघीय सांसद बन्ने होड पैसाको प्रतिस्पर्धामा रूपान्तरण हुँदै जाँदा नीति, विचार र कार्यक्रम ओझेलमा पर्दै गएका छन् । खर्चको प्रभावकारी अनुगमन र उल्लङ्घन गर्नेलाई कडा कारवाही नगरे संघीय सांसद धनाढ्यको थलो बन्ने खतरा बढ्ने छ । २०८२ को निर्वाचनमा सुरक्षा संयन्त्र र प्रशासनिक तटस्थता निर्णायक हुनेछन् । संघीय सरकारले राज्य शक्ति प्रयोग गरेर चुनावी लाभ लिन खोजे लोकतन्त्र गम्भीर संकटमा पर्नेछ । मतदाता भयमुक्त भएर मत हाल्न पाउने वातावरण नै स्वच्छ निर्वाचनको आधार हो । अन्ततः २०८२ फागुन २१ को संघीय निर्वाचन केवल प्रतिनिधि चयनको प्रक्रिया होइन, यो संघीय लोकतन्त्र जोगाउने कि कमजोर बनाउने निर्णयको घडी हो । स्वच्छ, स्वतन्त्र र विश्वसनिय निर्वाचन सुनिश्चित गर्न नसकिए संघीय प्रणालीप्रति बढ्दो असन्तोषलाई रोक्न गाह्रो हुनेछ । त्यसैले अब विकल्प होइन, सुधार अनिवार्य भइसकेको छ ।**

### Opinion @ Socia Network

घोचेर हैन सोचेर बोल्नुस् बोल्नेले बिर्सिए
पनि सुन्नेले सधैं याद गर्दछ ।

*(माया गाहाको **फेसबुक स्टाटसबाट** www.facebook.com/Maya.Gaha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# टिकटको खेल र जनादेशको अन्योल



**डा. डीआर उपाध्याय**

आगामी फागुन २१ गते हुने संसदीय निर्वाचनका लागि मंगलबार देशभर उम्मेदवारी दर्ता सम्पन्न भएको छ । उम्मेदवारी दर्तासँगै मुलुक निर्वाचनमा होमिएको छ । सतहमा हेर्दा लोकतान्त्रिक उत्सवझैँ देखिएको यो प्रक्रिया भित्रभित्रै गहिरो राजनीतिक असन्तोष, निराशा र अस्थिरताको चेतावनी बोकेर आएको छ । उम्मेदवारी दर्तासँगै दलभित्रको चरम असन्तुष्टि अब दबाउन नसकिने गरी सार्वजनिक हुनथालेको छ । अधिकांश दलले वर्षौंदेखि जनताबीच काम गरेका, आन्दोलन र संगठनमा खारिएका कार्यकर्ताभन्दा नेतासँग निकट, शक्ति केन्द्र वरिपरि घुमिरहने व्यक्तिलाई टिकट बाँडेपछि कार्यकर्ता र समर्थक आक्रोशित छन् । कतै स्वतन्त्र उम्मेदवारी घोषणा गरिएको छ, कतै खुला विरोध प्रदर्शन भएका छन्, कतै पार्टी कार्यालयमै तालाबन्दी गरिएको छ । यी दृश्यहरूले दलभित्रको आन्तरिक लोकतन्त्र कति कमजोर र खोक्रो अवस्थामा पुगेको छ भन्ने कुरालाई नांगो बनाइदिएको छ । राजनीतिक दलहरू लोकतन्त्रका विद्यालय भनिन्छन् । तर विद्यालयभित्रै अनुशासन, न्याय र सहभागिताको अभाव देखिनु लोकतन्त्रको भविष्यप्रति गम्भीर प्रश्न उठ्नु हो । टिकट वितरणजस्तो संवेदनशील प्रक्रियामा पारदर्शिता, मापदण्ड र सामूहिक निर्णयको सट्टा सीमित नेताको चाहना र समीकरण हावी हुँदा पार्टी संरचनामात्र होइन, जनविश्वास चकनाचुर हुँदै गएको छ ।

कार्यकर्ताले आफूलाई प्रयोगको साधनमात्र ठान्न थालेका छन् । यो अनुभूति दलका लागि दीर्घकालीन रूपमा घातक हुन्छ । अर्को चिन्ताजनक पक्ष असन्तुष्ट कार्यकर्ताको मौन विद्रोह हो । मौन असन्तोष निर्वाचन परिणाममा कति निर्णायक हुन्छ भन्ने कुरा मतदानको दिनमात्रै थाहा होला, तर यसले दलहरूको संगठनात्मक बललाई गम्भीर रूपमा कमजोर बनाएको छ । नयाँ भनिएका दलहरू पनि यस रोगबाट मुक्त देखिएका छैनन् । पुराना दलको आलोचना गर्दै उदाएका शक्तिहरूले नै आन्तरिक अभ्यासमा उही पुरानै शैली दोहोऱ्याउँदा जनतामा पैदा भएको आशा क्रमशः निराशामा बदलिँदै गएको छ । विचार, नीति र मूल्यभन्दा व्यक्ति र अनुहारमा केन्द्रित राजनीति फेरिएको छैन, केवल पात्रहरू फेरिएका छन् भन्ने अनुभूति गहिरिँदै गएको छ । यस्तो अवस्थामा निर्वाचन प्रक्रिया केवल सिट जित्ने प्रतिस्पर्धामा सीमित हुँदा लोकतन्त्रको आत्मा हराउँदै जान्छ । जनताको असन्तोष, आक्रोश र निराशा चुनावी नारामा समेटिन नसक्ने गरी बढ्दै गएको छ । यदि दलहरूले यो संकेतलाई समयमै गम्भीरतापूर्वक नबुझे, आन्तरिक सुधार र लोकतान्त्रिक अभ्यासलाई बलियो नबनाए, आगामी निर्वाचन परिणाम जे भए पनि त्यसपछिको राजनीतिक स्थिरता झन् चुनौतीपूर्ण बन्न सक्छ । देखिएको असन्तोष कुनै एक दल वा क्षेत्रको मात्र होइन, समग्र राजनीतिक प्रणालीप्रतिको चेतावनी हो । उम्मेदवारी दर्ताको भीड र उत्सवले छोपेको यो असन्तुष्टि मतदानपछि झन् सतहमा आउनेछ । निर्वाचन केवल सरकार गठनको प्रश्नमात्र होइन, दलहरूको आत्मसमीक्षा र राजनीतिक संस्कारसँगै सुधारको निर्णायक मोड पनि हो । यो अवसर गुमाइयो भने, लोकतान्त्रिक उत्सव भनिएको यो प्रक्रिया भोलिका दिनमा गहिरो राजनीतिक संकटको प्रवेशद्वार बन्नसक्छ । निष्ठा, विचार र मूल्यको राजनीतिभन्दा 'जसरी पनि चुनाव जित्नुपर्छ' भन्ने संकुचित मान्यताले राजनीतिक दलहरूलाई निर्देशित गरेको देखिनु आजको विडम्बना हो । चुनाव जित्नु आफैंमा समस्या होइन, तर त्यसको आधार नीति, दृष्टि, जनताप्रतिको जवाफदेहिता नभई केवल शक्ति सन्तुलन, जातीय-क्षेत्रीय गणित र पैसाको प्रभाव बन्नु लोकतन्त्रको अवमूल्यन हो । यसले निर्वाचनलाई विचार र बहसको उत्सव होइन, अंकगणित र सत्ताको खेलमा सीमित बनाइदिएको छ । परिणामतः कुन दलले के गर्छ भन्नेभन्दा पनि कुन समीकरणले सरकार बन्छ भन्ने अनुमानमा मतदान गर्नुपर्ने महसुस गरिरहेका छन् । यही प्रवृत्तिका कारण आउँदो निर्वाचनमा कुनै दलले स्पष्ट बहुमत ल्याउने सम्भावना कमजोर छ । विभाजित जनमत, असन्तुष्ट कार्यकर्ता र कमजोर संगठनात्मक एकताले अस्थिर संसद्को संकेत गरिरहेको छ । स्पष्ट जनादेश नआउने अवस्था सिर्जना हुँदा फेरि पनि गठबन्धनको अस्थायी राजनीति, सत्ता टिकाउने खेल र नीतिगत अन्योल दोहोरिने खतरा बढेको छ । यसले सरकारमात्र होइन, संसद् स्वयं निर्णयविहीन र कमजोर बन्ने सम्भावनालाई बलियो बनाउँछ । पुरानो दल नेपाली कांग्रेसभित्र देखिएको गहिरो विवादले देशकै राजनीतिक स्थायित्वमाथि प्रश्न उठाएको छ । लोकतान्त्रिक इतिहास बोकेको, राज्य सञ्चालनमा निर्णायक भूमिका खेल्दै आएको दलभित्रै नेतृत्व, वैधानिकता र निर्णय प्रक्रियामा एकरूपता नहुनु गम्भीर विषय हो । सत्ताको प्रमुख दाबेदार दलभित्रै विश्वासको संकट देखिनु केवल पार्टीको समस्या होइन, समग्र संसदीय व्यवस्थामाथि पर्ने प्रभावको संकेत हो । कांग्रेसले आफ्नै आन्तरिक लोकतन्त्रलाई सुदृढ गर्न सकेन भने लोकतन्त्रको रक्षकको दाबी आफैं कमजोर हुन्छ । अर्कोतर्फ नयाँ भनिएका दलहरूबाट जनताले अपेक्षा गरेको वैकल्पिक राजनीति स्पष्ट रूपमा स्थापित हुनसकेको देखिँदैन । पुरानाको आलोचना गर्दै उदाएका यी शक्तिहरूले दीर्घकालीन वैचारिक दिशा, संस्थागत विकास र नीतिगत स्पष्टताभन्दा लोकप्रियतामुखी नारामा बढी जोड दिएको देखिन्छ । सामाजिक सञ्जालमा आकर्षक भाषण, तत्कालीन असन्तोषलाई समेट्ने चर्का अभिव्यक्तिले क्षणिक रूपमा मत तान्न सक्लान्, तर ती नाराले संरचनागत समस्या समाधान गर्छन् कि गर्दैनन् भन्ने प्रश्न अझै अनुत्तरित छ । दीर्घकालीन योजनाबिना आएको परिवर्तनको राजनीति जनताका लागि अर्को निराशाको कारण बन्न सक्नेछ । उम्मेदवारी दर्ता प्रक्रिया बाहिरबाट हेर्दा उत्साहजनक देखिए पनि दलभित्रको किचलो, असन्तोषले निष्पक्ष र मर्यादित निर्वाचनप्रति शंका पैदा गरेको छ । टिकट वितरणमै न्याय नपाएको अनुभूति गर्ने कार्यकर्ताबाट चुनावी आचारसंहिता र मर्यादाको अपेक्षा गर्नु कठिन हुन्छ । यसको प्रत्यक्ष असर लोकतान्त्रिक संस्कृतिमाथि पर्छ । चुनाव जित्ने नाममा मर्यादा तोड्ने, संस्थालाई कमजोर बनाउने र जनभावनामाथि खेल्ने प्रवृत्ति बढ्दै गयो भने लोकतन्त्र औपचारिक प्रक्रियामात्र बन्नेछ, जसको आत्मा हराइसकेको हुनेछ । असन्तोष र अविश्वासलाई दलहरूले चेतावनीका रूपमा लिन नसके, निर्वाचनपछिको राजनीतिक अवस्था झन् जटिल, अस्थिर र जनअपेक्षाभन्दा टाढा पुग्ने खतरा प्रष्ट देखिन्छ । आउँदो निर्वाचन केवल प्रतिनिधि चयनको प्रक्रिया होइन, नेपाली राजनीतिक दलहरूको परिपक्वता र लोकतान्त्रिक इमानदारीको कडा परीक्षा बनेको छ । यसपटक कुनै पनि दलले चुनावी एकता नगरी एक्लाएक्लै मैदानमा उत्रिनु स्वयंमा गहिरो राजनीतिक अनिश्चितताको संकेत हो । बहुमतको दाबी गर्ने आत्मविश्वासभन्दा पनि 'आफ्नो शक्ति मापन गरौं' भन्ने मानसिकताले दलहरूलाई निर्देशित गरेको देखिन्छ । स्थिर सरकार गठनको अपेक्षा गर्नुभन्दा कमजोर गठबन्धन, अस्थायी सहमति र बारम्बार बदलिने सत्ता समीकरणको पुनरावृत्तिको हुँदै गएको छ । विगतका अनुभवले देखाइसकेका छन्, यस्ता सरकारहरू नीतिगत निर्णयमा हिच्किचाउने, दीर्घकालीन योजना अघि बढाउन नसक्ने र अन्ततः जनअपेक्षाभन्दा टाढा पुग्ने खतरा बोकेका हुन्छन् । तर यति निराशाजनक राजनीतिक वातावरणबीच पनि एउटा सकारात्मक सत्य भने बाँकी छ- आम जनता लोकतन्त्रप्रति अझै आशावादी छन् । राजनीतिक दलहरूप्रति आलोचना र असन्तोष बढे पनि लोकतान्त्रिक प्रक्रियाप्रति उनीहरूको विश्वास टुटेको छैन । उनीहरू शान्तिपूर्ण, निष्पक्ष र मर्यादित निर्वाचन चाहन्छन्, जहाँ मताधिकारको प्रयोग डर, प्रलोभन वा दबाबबिना हुनसकोस् । यही जनभावनाले लोकतन्त्रलाई अझै जीवित राखेको छ । लोकतन्त्र भीड र नाराले मात्र बलियो हुँदैन, विचारले दिशा दिन्छ, चरित्रले भरोसा जगाउँछ र संस्थागत संस्कारले निरन्तरता सुनिश्चित गर्छ । यी आधार कमजोर हुँदा चुनावी प्रक्रिया औपचारिकता मात्र बन्छ र राजनीति अवसरवादमा सीमित हुन्छ । यही पाठ यो निर्वाचनले दलहरूलाई पुनः स्मरण गराइरहेको छ-सत्ताको प्रतिस्पर्धाभन्दा माथि उठेर लोकतन्त्रको मर्म जोगाउने कि फेरि पनि अवसर गुमाउने ? अब प्रश्न एउटै छ । जनताको चेतावनी स्पष्ट छ, संकेतहरू प्रष्ट छन् । राजनीतिक दलहरूले यो चेतावनी समयमै बुझेर आत्मसुधारको बाटो रोज्नेछन् कि फेरि पनि विभाजित मत, कमजोर सरकार र निरन्तर अस्थिरताको चक्रमा देशलाई धकेलिरहनेछन् ? यस प्रश्नको उत्तर मतदानपछिमात्र होइन, दलहरूको आजको आचरण र निर्णयबाटै तय हुँदैछ । निर्वाचन सफल बनाउन सबै राजनीतिक दलहरूले न्यूनतम राजनीतिक सहमति, संयम र जिम्मेवारी देखाउनै पर्छ । सत्ता र प्रतिपक्षको तात्कालिक लाभ-हानिको हिसाबले होइन, लोकतन्त्रको निरन्तरता, प्रणालीको विश्वसनीयता र भावी पुस्ताको राजनीतिक भविष्यको दृष्टिले सोच्ने समय यही हो । आजको चुनाव जित्ने रणनीतिभन्दा भोलिको लोकतन्त्र जोगाउने संकल्प महत्वपूर्ण छ । जेन-जी आन्दोलनले उठाएको सुशासन, जवाफदेहिता र पारदर्शिताको एजेण्डा निर्वाचनपछिको राजनीतिक बहसको केन्द्रमै रहनुपर्छ । तर, त्यो सम्भव हुन पहिला वैध, निष्पक्ष र सर्वस्वीकार्य जनप्रतिनिधि चयन हुने वातावरण अनिवार्य छ । जनमतप्रति प्रश्न उठेको संसद् वा सरकारबाट सुशासनको अपेक्षा गर्नु आफैंमा विरोधाभास हुन्छ । यद्यपि हरेक निर्वाचनसँगै केही विकृति र विसंगति दोहोरिने गरेका छन् । आचारसंहिता उल्लंघन, पैसाको दुरुपयोग, प्रशासनिक प्रभाव, भड्किलो र उत्तेजक प्रचार, सामाजिक सञ्जालमार्फत गलत सूचना र अफवाह फैलाउने प्रवृत्तिजस्ता जोखिम छन् । यसैले निर्वाचन आयोगले लागू गरेको निर्वाचन आचारसंहितालाई औपचारिक दस्तावेजमा सीमित नराखी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ । उल्लंघन गर्ने जोसुकै भए पनि पद, दल वा प्रभावको आधारमा होइन, कानुनको आधारमा निष्पक्ष र तत्काल कारबाही हुनुपर्छ । ढिलाइ, दोहोरो मापदण्ड वा मौनताले गलत सन्देश दिन्छ र विकृतिलाई झनै प्रोत्साहन गर्छ । सरकारी संयन्त्र, सुरक्षा निकायको भूमिका यस सन्दर्भमा अत्यन्तै संवेदनशील हुन्छ । उनीहरूले निष्पक्षता, व्यावसायिकता र संयम प्रदर्शन गर्नुपर्छ । राज्य संयन्त्र कुनै दल, उम्मेदवार वा समूहको पक्षमा होइन, लोकतन्त्रको पक्षमा उभिनुपर्छ भन्ने सन्देश व्यवहारबाटै देखिनुपर्छ । प्रशासनिक तटस्थता र सुरक्षा संयन्त्रको विश्वसनीयताले नै निर्वाचनको शान्ति र मर्यादा सुनिश्चित हुन्छ । अन्ततः निर्वाचन केवल निर्वाचन आयोग वा सरकारको औपचारिक कार्यक्रम होइन, यो जनताको उत्सव हो । नागरिकको सक्रिय सहभागिता, सचेत मतदान र लोकतान्त्रिक आचरणबिना निर्वाचन अर्थपूर्ण हुँदैन । मत हाल्नुमात्र होइन, गलत अभ्यासको विरोध गर्नु, गलत सूचनाबाट जोगिनु र मर्यादित बहसलाई प्रोत्साहन गर्नु नागरिकको जिम्मेवारी हो । संघीय लोकतान्त्रिक गणतन्त्रलाई वास्तवमै मजबुत बनाउ हालको निर्वाचनलाई शान्त, निष्पक्ष र विश्वसनीय बनाउनुको विकल्प छैन । सफलता-असफलताले केवल एक कार्यकालको सरकार होइन, लोकतन्त्रप्रति जनविश्वासको दिशा तय गर्नेछ । राजनीतिक दल, राज्य संयन्त्र, नागरिक सबैले जम्मेवारीकासाथ अघि बढ्ने हो । सचेतता र प्रतिबद्धताले यो निर्वाचनलाई इतिहासको अर्को विवाद होइन, लोकतन्त्रको अर्को उपलब्धि बनाउनेछ ।

***-इहिमालय टाइम्स डटकम***

**महत्वपूर्ण टेलिफोन**

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

**दैनिक राशिफल**

| | |
|---|---|
| **मेष** : आफ्नो भावनालाई बुझ्ने मौका पाउनु हुनेछ। सम्बन्ध दुवैमा सुधार ल्याउने छ। | **तुला** :मनोबल दुवैमा सुधारको अवसर आउनेछ। रचनात्मक काममा प्रेरणा बढ्नेछ। |
| **वृष** : सम्बन्ध बलियो हुनेछ। सहयोग र चुनौती सहज हुने सम्भावना रहनेछ। | **वृश्चिक** : अविश्वासले मन अशान्त बनाउन सक्छ सचेत रहनुहोला। |
| **मिथुन** : अध्ययनमा फाइदा दिनेछ।आवेगले भ्रम ल्याउन सक्छ सचेत रहनुहोला। | **धनु** :मनलाई उत्साहित बनाउनेछ। योजना र अध्ययनमा ध्यान जान सक्छ। |
| **कर्कट** : निर्णय गर्दा असहजता आउन सक्छ ठूलाबडाको कुरा मान्नुहोला। | **मकर** : कुराहरु मनमै दबाउँदा तनाव बढ्न सक्छ खुलस्त पार्नेकुरामा ध्यान दिनुहोला। |
| **सिंह** : नेतृत्व र जिम्मेवारीले अरुको ध्यान खिच्ने र प्रतिष्ठा दिने योग रहेको छ। | **कुम्भ** : अनावश्यक खर्चले असन्तुलन ल्याउन सक्छ खर्च गर्दा सजग रहनुहोला। |
| **कन्या** : व्यक्तिगत जीवन सन्तुलित राख्नेछ। स्वास्थ्यमा कमजोरी आउन सक्छ सतर्क रहनुहोला। | **मीन** : भावनात्मक शक्ति र करुणा बढ्नेछ। सकारात्मक परिणाम आउने छ। |

## शिक्षा

# विद्यार्थी बढाउन प्रधानाध्यापकको भूमिका महत्वपूर्ण





**पाटन (ललितपुर),** सरोकारवालाले विद्यार्थीहरुलाई सामुदायिक विद्यालयप्रतिको आकर्षण बढाउन प्रधानाध्यापकको भूमिका महत्वपूर्ण हुने बताएका छन् । जिल्ला समन्वय समिति ललितपुरद्वारा शुक्रबार यहाँ आयोजित ललितपुर जिल्ला केन्द्रीत सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारसम्बन्धी शैक्षिक बहसमा जिल्ला समन्वय समिति ललितपुरका प्रमुख ऋषिदेव फूँयालले विद्यालयको समस्या समाधान गर्न नेतृत्वकर्ता प्रधानाध्यापकबाट नै समस्याको सङ्कलन गरेर प्रभावकारी समाधानमा काम गर्न लागिएको बताएका हुन् । "देशको संविधानले शिक्षा नागरिकको नैसर्गिक अधिकारको रूपमा स्थापित गरेको छ, संविधानले गरेको व्यवस्था कार्यान्वयनमा हामीले ध्यान दिनुपर्छ, तसर्थ जिल्ला छ वटै स्थानीय तहसँग समन्वय गर्नेछौँ, विद्यार्थी र विद्यालयका सबै समस्या समाधानका लागि ध्यान दिन्छौँ, स्थानीय तहका शिक्षा शाखा प्रमुखलाई नै जिम्मेवार बनाउने गरि काम गर्छौं," उनले भने ।

*जिल्ला शिक्षा समन्वय इकाई ललितपुरका प्रमुख प्रकाश सापकोटाले प्रधानाध्यापक नै विद्यालयको नेतृत्वकर्ता भएकोले विद्यार्थीको शिक्षण सिकाइ उपलब्धि हासिल गर्न, शैक्षिक गुणस्तर सुधार्न र विद्यालयका समस्या समाधान गर्दै गुणस्तरमा उत्कृष्टता हासिल गर्न ध्यान दिनुपर्नेमा जोड दिए । उनले शिक्षा सबैको दायित्व भएको बताउँदै शिक्षामा सुधार र गुणस्तर कायम राख्नका लागि स्थानीय तह, विद्यालय नेतृत्व र अभिभावक सबैले ध्यान दिएर लाग्नुपर्नेमा जोड दिए ।*

प्रमुख फूँयालले सबै सामुदायिक विद्यालयका शैक्षिक समस्या समाधान गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यमा ध्यान दिएर लाग्ने बताए । उनले विद्यालयका समस्याको बारेमा सुझाव प्राप्त भएकोले प्रभावकारी शैक्षिक कार्यतालिका तयार गरी व्यवस्थित तरिकाले शिक्षण गर्न, सामुदायिक विद्यालयप्रति आकर्षण बढाउन रचनात्मक सहयोग र सहकार्यमा तत्पर रहने बताए । कोन्ज्योसोम गाउँपालिकाका उपाध्यक्ष राजनप्रसाद घिमिरेले शिक्षा क्षेत्रमा सुधारका लागि लामो समयसम्म निरन्तर योगदान गर्नुपर्ने आवश्यकता रहेको बताउँदै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि स्थानीय तहबाट प्रभावकारी समन्वय, सहयोग र सहकार्य गर्ने बताए । जिल्ला शिक्षा समन्वय इकाई ललितपुरका प्रमुख प्रकाश सापकोटाले प्रधानाध्यापक नै विद्यालयको नेतृत्वकर्ता भएकोले विद्यार्थीको शिक्षण सिकाइ उपलब्धि हासिल गर्न, शैक्षिक गुणस्तर सुधार्न र विद्यालयका समस्या समाधान गर्दै गुणस्तरमा उत्कृष्टता हासिल गर्न ध्यान दिनुपर्नेमा जोड दिए । उनले शिक्षा सबैको दायित्व भएको बताउँदै शिक्षामा सुधार र गुणस्तर कायम राख्नका लागि स्थानीय तह, विद्यालय नेतृत्व र अभिभावक सबैले ध्यान दिएर लाग्नुपर्नेमा जोड दिए । ललितपुर महानगरपालिकाका शिक्षा महाशाखाका निर्देशक देवीप्रसाद उपाध्यायले कक्षा कोठाभित्रको वातावरण सुधार नभएसम्म शिक्षण सिकाइ उपलब्धि हासिल नहुने भन्दै यसका लागि उचित व्यवस्था गर्नुपर्नेमा जोड दिए । उनले अहिले देशभर कूल बजेटको ११ प्रतिशत मात्रै शिक्षा क्षेत्रमा लगानी भएको जानकारी गराउँदै २० प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी गर्नुपर्ने धारणा राखे । बज्रबाराही माध्यमिक विद्यालय चापागाउँका प्रधानाध्यापक रामेश्वर महर्जनले एक हजार ३४७ जना विद्यार्थी अध्ययन गरिरहेको आफ्नो विद्यालय गोदावरी नगरपालिकाभरका विद्यालयमा उत्कृष्ट शैक्षिक गुणस्तर कायम गर्न सफल भएको बताए । २०७४ सालबाट नमूना विद्यालयका रूपमा परिचित हुन सफल भएको बज्रबाराही माध्यमिक विद्यालयले विद्यार्थी सङ्ख्या वृद्धि र उत्कृष्ट शैक्षिक गुणस्तर कायम गर्दै समुदायको विश्वास आर्जन गर्न सफल भएको जानकारी गराए । महाँकाल गाउँपालिका-४ कालेश्वरस्थित बागभैरव प्राविधिक माध्यमिक विद्यालयका प्रधानाध्यापक तुलाप्रसाद तिमल्सिनाले अघिल्लो वर्ष सत् प्रतिशत नतिजा हासिल गर्न सफल भएको आफ्नो विद्यालयले विद्यार्थी सङ्ख्या सुधार र नजिजा वृद्धिका लागि भौतिक सुधार र विद्यार्थीका लागि छात्रबासको व्यवस्था गरेको बताए । उनले विद्यालयलाई अपाङ्गतामैत्री र वालमैत्री बनाइएको जानकारी गराउँदै विद्यालयका लागि स्थानीय तहको समन्वय र सहकार्य प्रभावकारी रहेको बताए । कोन्ज्योसोम गाउँपालिका-२ शङ्खुस्थित मगरगाउँ माध्यमिक विद्यालयका सहायक प्रधानाध्यपक सुरेशशर्मा बजगाईले आफ्नो विद्यालयमा १५० जना विद्यार्थी अध्ययनरत रहेको जानकारी गराउँदै बसाईंसराइ र अभिभावक वैदेशिक रोजगारीमा हुँदा बालबालिका शहरी क्षेत्रमा केन्द्रीकृत भएको कारण विद्यार्थी सङ्ख्या घटेको धारणा राखे । ललितपुरको महालक्ष्मी नगरपालिका-१ स्थित गम्भीर समुद्र सेतु माध्यमिक विद्यालयका प्राधानाध्यापक मीरा श्रेष्ठले आफ्नो विद्यालयले विद्यार्थीको आवश्यकता र रुचीमा आधारित सिकाइलाई जोड दिएको जानकारी गराउँदै विद्यार्थीकोबाट आएको आलोचनात्मक सुझावलाई पनि ग्रहण गर्दै शिक्षणलाई जोड दिइरहेको बताए । महालक्ष्मी नगरपालिका-४ इमाडोलस्थित महेन्द्र आदर्श माध्यमिक विद्यालय हेमराज भट्टराईले सिभिल इन्जिनियरिङमा ४४ जना विद्यार्थीसहित यो वर्ष एक हजार ३५४ जना अध्ययनरत रहेको जानकारी गराउँदै शैक्षिक सुधारको लागि ध्यानदिँदै बालमैत्री, विद्यार्थीमैत्री र सूचनाप्रविधिमा आधारित रहेर शिक्षण गर्ने पद्धतिलाई जोड दिइएको बताए । जिल्ला समन्वय समिति ललितपुरका जिल्ला समन्वय अधिकारी हरिनारायण बेल्वासेले सहरी क्षेत्रमा विद्यार्थीको सङ्ख्याअनुसार विद्यालय नभएको र ग्रामीण क्षेत्रमा विद्यालयअनुसार विद्यार्थी सङ्ख्या नभएको यथार्थलाई स्वीकार गर्दै शिक्षा क्षेत्रमा भएका काम र भएको लगानीको एकीकृत प्रतिवेदन तयार गरेर प्रत्येक पालिका र विद्यालयमा पठाउनेकार्य जिल्ला समन्वय समितिले गर्ने जानकारी गराए । *-रासस*

# वैदिक चेतना बिनाको शिक्षा अर्थपूर्ण बन्ला ?



शिक्षामा अनुभवात्मक सिकाइलाई प्रश्न वा खोज (इन्क्वायरी) को माध्यमबाट विधिशास्त्रमा समायोजन गरिन्छ । त्यही खोज-प्रक्रिया वा खाकालाई केन्खमा राखेको ऋग्वेदको नासदीय सूक्तबाट यो लेख सुरू गर्छु।

*नासदासीन्नो सदासीत्तदानीं*
*नासीद्रजो नो व्योमा परो यत्।*
*किमावरीव: कुह कस्य शर्मन्न्*
*अम्भ: किमासीद्गहनं गभीरम्।।*
*(ऋग्वेद १०.१२९)*

यस सूक्त र यसका अन्य छ मन्त्रका समूहले मानवीय चेतनाको मूल खोज गर्न निर्देश दिन्छ। अस्तित्व वा शून्यताबीच रहेको अनिश्चितता स्वीकार नगरी ज्ञानको प्रारम्भ हुन सक्दैन, किनभने यसैको आधारमा सोच, अनुभूति र आत्म-अवलोकन (सेल्फ इन्क्वायरी) सक्रिय हुन्छन् । यस बिन्दुमा शिक्षा सूचनाभन्दा पर, चेतनातर्फ उन्मुख एक अनुसन्धानात्मक अभ्यास बन्छ । यसले शिक्षालाई निर्दिष्ट गन्तव्य दिन्छ । प्रगतिशील शिक्षाले प्रश्न, आलोचनात्मक सोच र अनुभूतिलाई जग मान्छ र नासदीय सूक्तको यो प्रश्नात्मक जिज्ञासाको संरचना चेतनामा आधारित प्रगतिशील शिक्षाको एक खाका बन्छ । यही चेतनालाई संज्ञानात्मक र मेटासंज्ञानात्मक अभ्यासको केन्खमा राखे शिक्षाले पूर्णता पाउन सक्छ । यस सूक्तको अधिदैविक, आध्यात्मिक र परम-अर्थलाई परै राख्दा पनि वैदिक प्रश्न-शैलीले प्रगतिशील शिक्षाको अनुसन्धानात्मक आधार खडा गर्छ । यो प्रश्नात्मक संरचनाले ज्ञानका ख्रष्टा र ज्ञान आफै एक-अर्काका परिपूरक हुन्छन् भन्ने अनुभवात्मक सिकाइको सिद्धान्तलाई गहिरोसँग स्पष्ट पार्छ । यो लेख दर्शन वा विज्ञानको बहस होइनह शिक्षाको मूल प्रश्न – हामी कसरी जान्दछौं र कसरी सिकाइलाई जीवन्त बनाउन सक्छौं भन्ने विषयको भित्री खोज हो । शिक्षादर्शनको यो विषय जटिल छ। यो छोटो लेखले सबै समेट्दैन, तर केही उल्लेख्य पक्षहरूलाई प्रकाश पार्नेछ । लेखको पहिलो पाटोमा चेतनाका आधारभूत तथ्यहरूलाई तुलनात्मक ढंगले राख्नेछु र दोस्रो भागमा यसको शिक्षामा हुने निहितार्थहरूको ( इम्प्लिकेसन) विश्लेषण गर्नेछु । चेतनाको अध्ययन न्युरोविज्ञानभित्र पर्छ । तसर्थ चेतना केवल दार्शनिक विषय मात्र होइनह यो जीवविज्ञान र जैवरसायनको एक गहन पक्ष पनि हो । निद्रावस्था वा सुषुप्ति र मनोविज्ञानजस्तै न्युरोविज्ञानले पनि चेतनालाई स्वीकार गर्छ र अध्ययन गर्न सकिने बताउँछ । 'फ्रन्टियर्स' प्रकाशनका अनुसार न्युरोविज्ञानले चेतनाका दार्शनिक प्रश्नहरूलाई परिमाणात्मक र परीक्षणयोग्य संरचनाभित्र ल्याइरहेको बताउँछ । यी अध्ययनहरू निष्कर्षमा पुगेमा मानव जीवनका अन्तरनिहित रहस्यहरू उजागर हुने आकलन गर्न सकिन्छ । क्रिस्टोफ कोचका अध्ययनले एनसिसी (NCCs) का आधारमा चेतनाका न्यूनतम सर्तहरू पूरा भएमा बोधको क्षमता हुने बताउँछ । यसको अर्थ चेतना न कुनै आत्मा हो, न मात्र मस्तिष्कको जड र यान्त्रिक क्रियाशीलता । यो अनुभूतिको क्षमता मात्र हो । उनी भन्छन्–यो केवल जैविक प्रणालीमै सन्निहित हुन्छ भन्ने होइनह कुनै प्रणालीको कारणात्मक बनावटबाट पनि उत्पन्न हुन सक्छ । यसले सैद्धान्तिक रूपमा गैरजैविक प्रणालीमा चेतनासँग सम्बन्धित क्षमताहरू स्थापित हुन सम्भव हुन सक्छन् भन्ने बहसलाई खुला राख्छ । यसैलाई आधार मान्दा भविष्यमा एआईले चेतनाजस्तै बोध र अनुभूति गर्न सक्छ भन्ने कथन असम्भव नहोला । चेतनालाई न्युरोविज्ञानले कुनै वस्तु नभई न्युरोनहरूको जैवरसायनिक समग्र प्रक्रियाको उत्पादनका रूपमा लिन्छ । अध्ययनले यो कार्यात्मक र भौतिक रूपमा अवलोकन गर्न सकिने घटना हो र हालसम्मका अध्ययनले यो स्वत: सिर्जना हुन्छ भन्ने संकेत गर्छ । यसै विज्ञानलाई लगभग समानान्तर रूपमा वैदिक ज्ञानले पनि परिभाषित गर्छ । वेदले चेतनालाई स्वप्रकाशका रूपमा लिन्छ । तसर्थ चेतना अनुभवको विषय होइन, तर अनुभव गर्ने तत्व हो । वेदमा चेतनालाई मानसिक प्रक्रियाको उत्पादनका रूपमा लिइँदैन । यसलाई सबै अनुभूति, विचार र ज्ञान सम्भव बनाउने मूल तत्व मानिन्छ । यस दृष्टिले चेतनामा देख्नु, सुन्नु, सोच्नु र बुझ्नु जस्ता क्रियाहरू प्रकट हुन्छन् । वेदका सूक्तहरूमा चेतनालाई परिभाषित गर्नेभन्दा यसको अनुभवजन्य पक्षलाई केन्खमा राखिएको छ । तसर्थ चेतना जागरूकता हो । उपनिषदहरूले चेतनालाई अझ स्पष्ट गर्छन् । यहाँ चेतनालाई साक्षी वा तटस्थ जागरूकताका रूपमा व्याख्या गरिएको छ । शंकराचार्यको 'निर्वाण षट्कम्' ले 'नेति-नेति' लाई आधार मानेर आत्म-अवलोकनको सरल तर गहिरो अर्थ दिएको छ, र यसैलाई वेदका महावाक्यहरूले संकेत गर्छन् । वेद र उपनिषदका दृष्टिमा चेतना सृजित चैतन्य हो, जसलाई आत्मन् पनि भनिएको छ। यो जाग्रत, स्वप्न वा सुषुप्ति अवस्थासहित सम्पूर्ण जगतको प्रक्षेपणकर्ताका रूपमा स्थित अटल साक्षी हो । यही साक्षीले नै तुरीय अवस्थालाई लक्षित गर्छ । न्युरोविज्ञान र वेदले चेतनालाई सोच, व्यवहार र ज्ञानभन्दा फरक तर निर्णायक आयामका रूपमा स्वीकार गर्छन् । यी दुवै विषय यति गहन छन् कि वेद कुनै धर्मग्रन्थजस्तो मात्र लाग्दैन र न्युरोविज्ञान पनि केवल यान्त्रिक वा प्रयोगात्मक विज्ञान मात्र होइन । यी दुई पक्षका पहुँच फरक सन्दर्भ लिएर एकै बिन्दुमा केन्खित छन्। वेद संज्ञान (कग्निसन) लाई सूचना-प्रशोधनका क्षमताका रूपमा लिन्छ । मन, बुद्धि, चित्त र अहंकार त्यही क्षमताका अन्योन्याश्रित एकै यन्त्रका भागहरू हुन् । चेतनालाई कायम राख्दै यस यन्त्रलाई चेतनासँग टुटाउन पनि सकिन्छ । उदाहरण – सुषुप्ति वा कोमाका अवस्थाहरू । तसर्थ चेतना संज्ञानभन्दा पर छ । बोध र अनुभूतिलाई प्रकाशित गर्ने केवल चेतना मात्र होह वा चेतना अनुभूतिहरूसँग निर्लिप्त रहेर कार्य गर्न सक्ने अन्तिम विषयगत आधार हो । ज्ञान-मीमांसा (एपिस्टेमोलोजी) को दृष्टिकोणलाई शिक्षाबाट पर राख्न सकिँदैन । हामीले कसरी जान्दछौं कि हामीले जान्यौं भन्ने प्रश्नले ज्ञान आफैमा सूचना मात्र होइन भन्ने स्पष्ट पार्छ । ज्ञान अर्थपूर्ण सूचनाको एकीकृत अनुभव होह वा सूचना त्यस बेला मात्र ज्ञान बन्छ जब यो चेतनाको क्षेत्रभित्र अनुभवका रूपमा स्थापित हुन्छ र हामीलाई रूपान्तरण गर्न सक्छ । वेदले ज्ञानलाई रूपान्तरणको साधनका रूपमा लिन्छ, जसलाई विद्या भनिन्छ । केवल सूचना-संग्रहलाई अविद्याको वर्गमा राखिन्छ । सत्यले विषय मात्र होइन, ज्ञातालाई पनि रूपान्तरण गर्छ । न्युरोविज्ञानले बोध, सूचनाको तात्पर्य र सम्झनामा चेतनाको निर्णायक भूमिका प्रमाणित गर्छ– अर्थात् चेतना बिना धारणाले सिकाइलाई दृढ र गहिरो बनाउन सक्दैन । ज्ञानको गहनता चेतनाको अवस्थाबाट निर्धारण हुन्छ। सूचना बाह्य संसारबाट आउँछह अर्थ चेतनाभित्र उत्पन्न हुन्छ । चेतनाविहीन ज्ञान यान्त्रिक साधन बन्छ–साध्य होइन । यी तथ्यहरूलाई शिक्षाका गहिरा दर्शन र अध्ययनहरूले प्रमाणित गरेका छन् । न्युरोविज्ञान भन्छ–मानव देहगत, भावनात्मक, जिज्ञासु र चेतनायुक्त प्राणी हो र सिकाइले न्युरल बनावट र यसको विकाससँगै सोही अनुसार रूपान्तरणको प्रक्रिया गर्छ । यही कुरा वेद भन्छ – मानव भनेको शरीर, मन, बुद्धि इत्यादि चेतनाको प्रक्षेपण होह चेतनाको जीवन्त अनुभवले अविद्याबाट छुटकारा दिलाउँछ । वेदान्त भन्छ – जसले जान्दछ, उसलाई जान्नपर्छ । न्युरोविज्ञान भन्छ – चेतनासँग ज्ञान नजोडिएमा ज्ञान कोरा बन्छ । न्युरोविज्ञान भन्छ – ज्ञानबाट चेतनाले मनोवैज्ञानिक पक्षहरू (भावना, बुद्धि, व्यक्तित्व इत्यादि) लाई समेटेर कार्यात्मक दक्षताको विस्तार गर्छह वेद त्यसैलाई पुरूषार्थको नाम दिन्छ । अब लेखको दोस्रो पाटोमा चेतना र शिक्षाका निहितार्थ प्रकाश पार्नेछु । यदि चेतनाले नै ज्ञानलाई अनुभवजन्य बनाउने आधार दिन्छ भने, अब शिक्षालाई नै पुन: मूल्यांकन गर्नुपर्छ । यो भनेको के सिकाइयो भन्नेमा होइनह कसरी र चेतनाको कुन आधारबाट सिकाइयो भन्ने प्रश्नमा केन्खित हुनु हो । आधुनिक शिक्षा बाह्य-ज्ञान, प्रायोगिक विज्ञान र सीपमा आधारित छ । यो समस्या होइन, तर चैतन्यबोधबाट पर हुन सक्छ । यहाँ विद्यार्थीले के सिक्यो–त्यसका जीवनयापन वा अर्थलाभका कुरा – केन्खमा हुन्छन् भने चेतनामा आधारित शिक्षाले उपयुक्त वस्तुहरूसँगै आत्मबोध र जागरूकतालाई समग्रतामा लिन्छ । मेटासंज्ञान प्रगतिशील शिक्षाको एक आधार-स्तम्भ हो, जसमा विद्यार्थीले आफ्नो विचार कसरी काम गर्छ भनेर अवलोकन गर्छ र त्यसका प्रक्रिया देख्छ। वेदको साक्षी अवधारणा आधुनिक मेटासंज्ञानको जागरूकतासँग मेल खान्छ र यसले बाह्य-ज्ञानलाई चेतनासँग जोड्छ । प्रगतिशीलले विद्यार्थी-केन्खित गतिविधि गराउँछ तर आत्म-चिन्तन सतही रहन्छ । परम्परागतले ज्ञान दिन्छ तर अर्थबोध गराउँदैन। यसरी शिक्षाका सबै खाकाहरू चेतनाको अभावमा सीप वा दक्षता उत्पादन गर्लान्, तर मानवीय परिपक्वता विकास गर्न असफल हुन्छन्। उल्लिखित विद्यार्थी र विद्यालयका शैक्षिक निहितार्थ अनुसार, वेदले उल्लेख गरेको चेतनालाई संज्ञान र मेटासंज्ञानको जगमा राख्न सके शिक्षा अझ गहिरो, समग्र र प्रभावकारी बन्न सक्छ ।

*-सेतोपाटी डटकम*

# आज अन्तर्राष्ट्रिय भन्सार दिवस मनाइँदै




**पाल्पा,** माघ ११ /अन्तर्राष्ट्रिय भन्सार दिवस आज विभिन्न कार्यक्रम गरी नेपालसहित विश्वभर मनाईदैछ । विश्व भन्सार संगठनको निर्णयअनुसार हरेक वर्षको जनवरी २६ का दिन अन्तर्राष्ट्रिय भन्सार दिवस मनाउन थालिएको हो ।

आज अर्थ मन्त्रालय तथा भन्सार विभागले विविध जानकारीमुलक कार्यक्रम गर्दैछन् । अवैध रुपमा सामान आयात गर्दा मुलुकको अर्थतन्त्रमा मात्र नभई सुशासन, विकास तथा मानव सुरक्षामा समेत विश्वव्यापी रुपमा खतरा बढेको भन्दै संगठनले सुरक्षित व्यवसायिक वातावरण निर्माण गर्न आवश्यक ठानेर नै यो दिवस मनाउन थालेको हो । भन्सार प्रशासन कार्यलाई राजस्व संकलनमा मात्र सिमित नराखी मुलुकको समग्र आर्थिक विकासका लागि सहज व्यवसायिक वातावरण निर्माण गर्नमा यो दिवसले महत्वपूर्ण टेवा पुऱ्याउने गर्दछ । पछिल्लो समय भन्सारमा मौलाउँदै गएको भष्ट्राचार निरुत्साहित गर्न सरकार उदासिन रहेको छ । अहिले दैनिक रूपमा भन्सार नाकाहरूबाट छुटेका ट्रक समातिने र त्यसमा तिर्नुपर्ने राजस्व नतिरिएको पाइन्छ । दैनिक रुपमा सयौंको संख्यामा भन्सार छली हुँदासम्म सरकार र सम्बन्धित निकाय मौन हुने गर्दछन् । राजस्व छली महाअपराध हो । आफ्नै देशलाई ठगेर कमाइएको पैसाले त्यस्ता व्यक्तिको अतीत हुने निश्चित छ । तर, पनि राजस्वमा हुने छली रोकिनुको साटो बढ्नु अझै दुर्भाग्यपूर्ण छ । यस्ता गतिविधिमाथि छानविन र कारवाही हुन सकिरहेको छैन । यसलाई रोक्न अहिलेसम्म कुनै विशेष पहल हुन नसक्नु दुखद् हो । नेपालको भन्सार प्रशासनले विभिन्न भन्सार बिन्दुहरुमा भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तशुल्क तथा अन्य करहरु असुल गर्दछ । यसले कुल राजस्वको ४४ प्रतिशत तथा कर राजस्वको ५० प्रतिशत प्रतिनिधित्व गर्दछ । भन्सार महसुलले मात्र कुल कर सम्बन्धी राजस्वको २० प्रतिशत प्रतिनिधित्व गरेको हुन्छ । तर भन्सार छली रोक्ने कुरामा कसैको पनि ध्यान पुग्न सकेको छैन । राजस्व बिना सरकार सञ्चालनको कल्पनासमेत गर्न सकिँदैन ।

## पाल्पामा १७ जना...

...यो रोगले मुख्यत: छाला, आँखा र स्नायुमा असर गर्ने उनले जानकारी गराए ।

**कुष्ठरोगका लक्षण :**

शरीरको कुनै पनि भागमा लाटो वा फुस्रो दाग देखापर्नु, विस्तारै उक्त दागमा रौं झरेर जानु, पसिना नआउनु र नचिलाउनु यस रोगका लक्षणहरु रहेको न्यौपानेले बताए । स्नायुमा असर पर्दा हातखुट्टा लगातार झमझम हुने गर्छन् । छालाको नमुनाबाट लिएको तन्तुको रस जाँच गर्दा यो रोगका किटाणु देखा पर्छन् । यस्ता लक्षण देखापरेमा तत्काल नजिकैको स्वास्थ्य संस्थामा गई परीक्षण गराई चिकित्सकको सल्लाह बमोजिम नियमित औषधी सेवन गरेमा कुष्ठरोग पूर्ण रूपमा निको हुने र अंगभंग हुनबाट बच्न सकिने न्यौपानेको भनाई छ । यस रोगको औषधी नेपालका सबै अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीमा नि:शुल्क पाइन्छ ।

**कसरी सर्छ कुष्ठरोग ?**

कुष्ठरोग अधिकृत न्यौपानेका अनुसार शरीरिभित्र ब्याक्टेरिया छिरेपछि कसैलाई एक/दुई वर्ष त २०-२५ वर्षसम्ममा पनि देखिन सक्छ । सर्ने माध्यम यही हो भन्ने किटान गर्न सकिन्न । तर, श्वासप्रश्वासको माध्यम र छालामा एकदमै क्लोज कन्ट्याक्ट भयो भने पनि सर्ने सम्भावना हुन्छ । उनले भने, "छिटो पत्ता लगाउन सक्दा अपङ्गता हुने सम्भावना कम हुन्छ । ढिलो भयो भने नसालाई असर गरेर पूर्ण रूपमा काम नगर्ने हुन सक्छ ।" कुष्ठरोग देखिएको ठाउँमा शरीरको अंगले चिसो-तातो थाहा नहुनेदेखि हातखुट्टा नचल्नेसम्मको समस्या आउने उनले बताए । "ढिला उपचार भयो भने कुष्ठरोग देखिएको शरीरको अंगले दुखाइ थाहा पाउँदैन, पोल्नको पनि थाहा पाउँदैन," उनी भन्छन्, "त्यस्तो अवस्थामा आगोले पोलेर, अनि जथाभावी गर्नाले अपांग हुने सम्भावना धेरै हुन्छ ।" हरेक वर्ष कुष्ठरोगीहरु देखिएका क्षेत्रमा वा समुदायमा पुगेर सचेतनाका कार्यक्रम गर्ने, उपचार, परामर्श गर्ने र उनीहरु प्रति जागरुकता देखाउने उद्देश्यले सन् १९५४ देखि यो रोग विरुद्ध दिवस मनाउने गरिएको उनको भनाई छ । कुष्ठ रोगको नियन्त्रणका लागि पालिका, प्रदेश र संघीय सरकारले सचेतनाका कार्यक्रमहरुलाई जोड दिनुपर्नेमा जिल्लाका पत्रकारहरुले सुझाव दिएका छन् । पाल्पामा २०७६ मा १५ जना कुष्ठरोगीका विरामी रहेका थिए । त्यसयता २०७७ मा १३ जना, २०७८ मा १८ जना रहेका थिए ।

## महिला समूहलाई नौमती...

...विवाह, व्रतबन्ध, विभिन्न मेलापर्व तथा उत्सवमा बजाइने नौमती बाजा मुख्य बाजा रहेको तुलसी महिला नौमती बाजा समूहका सदस्य विष्णु केसी बताउन्छिन् । पश्चिमेली संस्कृतिको प्रभाव र युवापुस्ताले चासो नदिँदा नौमती बाजा लोप हुने स्थितिमा छ । तर दाङका महिलाहरू भने नौमती बाजाको संरक्षणमा जुटेका छन् । बाजा बजाउने चलन पहिलेदेखि भए पनि ग्रामीण भेगमा यो व्यावसायिक बन्न सकेको थिएन । तर तुलसी महिला नौमती बाजा समूहले यसलाई व्यावसायिक बनाएको छ । यो समूह बाजा बजाउन सल्यान, रोल्पा, प्युठान, बुटवल, नेपालगन्जसम्म पुग्ने गरेको समूहका अर्की सदस्य ४४ वर्षीया विमला केसीले बताइन् । तुलसीपुर उपमहानगरपालिका-४ मजुवा निवासी तथा तुलसी महिला नौमती बाजा समूहका अध्यक्ष कस्तुरा खड्काले आफूहरूले एक दिन बाजा बजाएबापत २० देखि ३० हजारसम्म लिने गरेको बताइन् । अध्यक्ष खड्काले बाजा बजाउन थालेको चार वर्ष भयो । यो अवधिमा धेरै ठाउँमा पुगिसकेको बताउन्छिन् । उमेरले ५० वर्ष पुगेकी उनले बाजा बजाएर आएको रकम आधा समूहमा जम्मा गर्ने र आधालाई नौमती बाजा बजाउन पुगेको टोलीलाई आम्दानीअनुसार दुईदेखि तीन हजारसम्म दिने गरेको उनको भनाइ छ । सुरुमा सिक्न गाह्रो भए पनि अहिले नौमती बाजा बजाउन कुनै समस्या नभएको अध्यक्ष खड्का बताउन्छिन् । पछिल्लो समय लोप हुन थालेको नौमती बाजालाई संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व भएको उनले बताइन् । उनका अनुसार तुलसीपुर उपमहानगरपालिकाले पनि यस बाजा संरक्षणका लागि महिला समूहलाई तालिमदेखि विभिन्न सहयोगका कार्यक्रम गर्दै आएको छ ।

***---रासस***

### खेलकुद समाचार

## राष्ट्रिय लिग फुटबलमा आर्मी र मच्छिन्द्र विजयी



**काठमाडौं,** माघ ११/राष्ट्रिय लिग फुटबलमा खेलमा त्रिभुवन आर्मी क्लब र मच्छिन्द्र फुटबल क्लब विजयी भएका छन् । शनिबार बेलुका दशरथ रङ्गशालामा भएको खेलमा आर्मीले चित्लाङ फुटबल क्लबलाई ५-१ गोलले हरायो । आर्मीका दिनेश हेन्जनले २, नवयुग श्रेष्ठ, नवीन लामा र नरेन्द्र चौधरीले समान १ गोल गरे । चित्लाङका माथेव बाबाटुन्डे ओलानरेवाजुले १ गोल गरे । यस्तै दशरथ रङ्गशालामा भएको अर्को खेलमा मच्छिन्द्रले प्लानिङ बोईज युनाइटेडलाई २-० गोलले हरायो । मच्छिन्द्रका सौरभ सुब्बा र जोनाथनले समान १ गोल गरे । अखिल नेपाल फुटबल सै (एन्फा) को आयोजनामा भएको राष्ट्रिय लिग फुटबलमा 'ए' डिभिजनका १३ र एन्फा प्रेसिडेन्ट लिगका ४ गरि १७ वटा टोली सहभागी छन् । सिङ्गल राउन्ड रोबिनका आधारमा सञ्चालन हुने लिगमा कूल १ सय ३६ खेल हुनेछन् । राष्ट्रिय लिगका खेलहरू दशरथ रङ्गशाला, च्यासल रङ्गशाला र एन्फा कम्प्लेक्समा भइरहेका छन् । लिगको विजेताले ५० लाख रुपैयाँ पुरस्कार पाउने छ ।

**वर्गिकृत डिस्प्ले**


**१X५ साइजमा मात्र**

**वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्कः ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## नेप्सेमा उच्च अंकले वृद्धि



**पाल्पा,** माघ ११/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकसँगै कारोबार रकममा उल्लेख्य सुधार देखिएको छ । आइतबार नेप्से परिसूचक ५७ दशमलव ५५ अङ्कले बढेर दुई हजार ७७२ दशमलव १७ को बिन्दुमा कायम भएको छ । यो दुई दशमलव १२ प्रतिशतको वृद्धि हो ।

सो अवधिमा ३ सय ३१ कम्पनीको तीन करोड नौ लाख १५ हजार १८३ कित्ता शेयर एक लाख ३३ हजार ५ सय २९ पटक खरिदबिक्री हुँदा १३ अर्ब ७८ करोड ५७ लाख २९ हजार ६४५ दशमलव शून्य पाँचको कारोबार भएको छ । सबै समूहको उपसूचक बढेको छ । कारोबारमा आठ वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको ४३ करोड ५९ लाख ३३ हजार १६२ बराबरको १६ लाख ६८ हजार कित्ता शेयर किनबेच भएको नेप्सेले जनाएको छ । नेप्से परिसूचकमा उच्च अंकले वृद्धि हुँदा ८ कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । एसवाइ प्यानल नेपाल, श्रीनगर एग्रिटेक, नेपाल माइक्रो इन्स्योररेन्स, बन्दिपर केवलकार, हिम स्टार उर्जा,माविलुङ इनजी, रिलायन्स फाइनान्स र आँखु खोला जलविद्युतको सेयर १० प्रतिशतले बढ्यो । कारोबार रकमका आधारमा आँखु खोला जलविद्युत शीर्षस्थानमा रह्यो । सो कम्पनीले ४३ करोड मूल्य बराबरको सेयर कारोबार गर्यो । यस्तै ग्रिन भेन्चर्सले ३९ करोडको सेयर कारोबार गर्दा शिवम् सिमेन्टले ३२ करोड,युनाइटेड मोदी हाइड्रोपावरले ३० करोड र बन्दिपुर केवलकारले २९ करोडको सेयर कारोबार गरे । यसदिन होटल्स एण्ड टेरिजम समूहको उपसूचक सर्वाधिक ३.३५ प्रतिशतले बढ्यो ।

## जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं ।

हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ, त्यसैले:

-सावधानीपूर्वक सवारीसाधन चलाऔं,
-सवारी चलाउनु पहिले सवारीको यान्त्रिक परीक्षण गरौं,
-हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ती (फग लाइट) बालेर मात्र सवारीसाधन चलाऔं,
-बाक्लो कुहिरोको समयमा आवश्यकताअनुसार हर्नको प्रयोग गरौं,
-तीब्र गतिमा सवारीसाधन नचलाऔं,
-सवारीसाधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
-मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
-जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं,

सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर:५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई